# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारद्वारा धितोपत्र सम्बन्धी ऐन अन्तर्गत स्थापित)
# Securities Board of Nepal
(Established by the Government of Nepal under Securities Act)


## प्रेस विज्ञप्ती

### निष्काशन तथा विक्री प्रवन्धक र सेयर रजिष्ट्रारको अनुमतिपत्रको लागि नयाँ आवेदन दर्ता गर्ने कार्य स्थगन गरिएको

धितोपत्र वजारको विकास सँगै धितोपत्र व्यवसायी (मर्चेन्ट वैंकरको संख्या वढ्दै गईरहेको छ । धितोपत्र व्यवसायी ( मर्चेन्ट वैंकर) नियमावली, २०६४ लागू भए पश्चात हाल २५ मर्चेन्ट वैकरले देहाय अनुसारको व्यवसाय गर्ने अनुमति पत्र प्राप्त गरेका छन:

- सम्पूर्ण मर्चेन्ट वैकिङ्ग व्यवसाय (निष्काशन तथा विक्री प्रवन्ध, धितोपत्र प्रत्याभूति, सेयर रजिष्ट्रेशन, लगानी व्यवस्थापन र संस्थागत परामर्श सेवा) प्रदान गर्ने संस्था - ६
- संस्थागत परामर्श सेवा वाहेक ४ वटा व्यवसाय गर्ने संस्था - १०
- तीन वटा (निष्काशन तथा विक्री प्रवन्ध, धितोपत्र प्रत्याभूति र सेयर रजिष्ट्रेशन) मात्र व्यवसाय गर्ने संस्था - १
- सेयर रजिष्ट्रेशन र लगानी व्यवस्थापन व्यवसाय मात्र गर्ने संस्था - १
- लगानी व्यवस्थापन व्यवसाय मात्र गर्ने संस्था - ७

त्यस्तै सात कम्पनीहरु अनुमतिपत्र प्राप्तिका लागि बोर्डको प्रक्रियामा रहेको, जसमध्ये सम्पूर्ण मर्चेन्ट वैकिङ्ग व्यवसाय गर्न ५, संस्थागत परामर्श सेवा वाहेक ४ वटा मर्चेन्ट वैकिङ्ग व्यवसाय गर्न १ तथा लगानी व्यवस्थापन व्यवसाय मात्र गर्न १ कम्पनीले प्रस्ताव गरेका छन । स्मरणिय छ, मर्चेन्ट वैंकरहरुले वहन गर्ने जिम्मेवारी तथा लिने जोखिम, पूँजी वजार र अर्थतन्त्रको अवस्थाको आयतन हेरी सोही आधारमा वोर्डले २०७४ सालमा नियमावलीमा संशोधन गरी मर्चेन्ट वैंकरको चुक्ता पूँजीमा चार गुणा सम्म वृद्धि तथा कार्य क्षेत्र विस्तार गरी संस्थागत परामर्श सेवा समेत प्रदान गर्न सक्ने व्यवस्था समेत गरेको थियो ।

प्रोत्साहनमूलक कार्यक्रम अर्न्तगत केही उत्पादनशील कम्पनीहरु सार्वजनिक निष्काशन गर्ने क्रममा रहे तापनि मुख्यत: नेपाल राष्ट्र वैंक तथा विमा समितिले क्रमश: वैंक तथा वित्तीय (वैवि) संस्था र वीमा कम्पनीको अनुमति प्रदान गर्ने कार्य स्थगन गरेको परिप्रेक्ष्यमा नयाँ वैवि संस्था तथा विमा कम्पनीहरुको सार्वजनिक निष्काशन कार्य सीमित भएको छ । हाल वोर्डवाट अनुमतिपत्र प्राप्त गरी कार्यरत तथा निवेदन प्रक्रियामा रहेका निष्काशन तथा विक्री प्रवन्धक र सेयर रजिष्ट्रारको संख्या प्रतिस्पर्धात्मक रुपमा व्यवसाय संचालनको लागि पर्याप्त रहेको तथा वजारको अवस्था र आवश्यकता भन्दा निष्काशन तथा विक्री प्रवन्धक र सेयर रजिष्ट्रारको संख्या वढी हुँदा अस्वस्थ प्रतिस्पर्धा हुन सक्ने अवस्था समेत देखिन्छ । यसका अलवा धितोपत्रको सार्वजनिक निष्काशनमा आस्वा प्रणाली लागू भए पश्चात लाईन लाग्ने स्थिति नरहेको तथा आवेदन प्रशोधन कार्य अत्यन्त सहज हुन गई निष्काशन तथा विक्री प्रवन्धकको भूमिका न्यूनिकरण भएको एवं डिम्याट सेयरको मात्र कारोवार हुने व्यवस्थावाट सेयर रजिष्ट्रारको कार्य समेत केही कम हुन गएको छ ।

यसै परिप्रेक्ष्यमा विद्यमान वजारको अवस्था तथा आकार, मर्चेन्ट वैंकरहरु खास गरी निष्काशन तथा विक्री प्रवन्धक र सेयर रजिष्ट्रारले वहन गर्ने जिम्मेवारी तथा लिने जोखिम, व्यवसायको क्षेत्र तथा यसमा रहेको उच्च प्रतिस्पर्धा समेतलाई दृष्टिगत गर्दा हाललाई थप निष्काशन तथा विक्री प्रवन्धक र सेयर रजिष्ट्रार आवश्यकता नरहेको तर अन्य मर्चेन्ट वैकिङ्ग व्यवसाय धितोपत्र प्रत्याभूति, लगानी व्यवस्थापन तथा संस्थागत परामर्श सेवाको आवश्यकता अझै रहेको सन्दर्भमा हाल बोर्डको प्रक्रियामा प्रवेश गरिसकेका आवेदनहरुलाई कानुनी प्रक्रिया अनुसार कार्य अगाडि वढाई निष्काशन तथा विक्री प्रवन्धक र सेयर रजिष्ट्रारको अनुमतिपत्रको लागि नयाँ आवेदन दर्ता गर्ने कार्य विस्तृत रुपमा अध्ययन गरी अर्को व्यवस्था नभए सम्मको लागि सो आवेदन दर्ता कार्य स्थगन गर्ने वोर्डले निर्णय गरेको छ ।।

मिति: २०७५।०४।०९

(निरज गिरी)
प्रवक्ता


Post Box No.: 9031, Jawalakhel, Lalitpur, Nepal
Phone: 00977-1-5000107, 5000162, 5000201, 5000102, 5541057, Toll Free No.: 1660-01-44433
Fax No.: 5541058, Email: support@sebon.gov.np, Website: www.sebon.gov.np